# महालेखा परीक्षकको कार्यालय
Office of the Auditor General
(डोरमुकाम ओखलढुंगा)

Phone: 4262381
4262415
4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


अ.छा.वे.

पत्र संख्या: २०७४/०७५
च.नं. ११२

मिति: २०७४।०८।०३

विषय: लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुखज्यू,
मोलुङ्ग गाउँपालिका, ओखलढुंगा ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७३/७४ को विनियोजन/राजस्व/ धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।७।३० मा छलफल पश्चात् तयार गरिएको पाना (१०) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारवाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(जगन्नाथ न्यौपाने)
निर्देशक

बोधार्थ
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं
श्री जिल्ला समन्वय समितिको कार्यालय, ओखलढुंगा
[illegible] था लेखा नियन्त्रक कार्यालय, ओखलढुंगा

Scanned by CamScanner

## आर्थिक कारोबारको स्थिति

| कार्यालय र स्थानः | | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| मोलुङ्ग गाउँपालिका | कार्यालय प्रमुखः | विश्व विजय शर्मा | २०७३ चैत्र | २०७४ आषाढ | ३०,७०,१,४५/- |
| | लेखा प्रमुखः | चन्द्र प्रसाद घिमिरे | २०७३ चैत्र | २०७४ आषाढ | |

## मोलुङ्ग गाउँपालिका

### एकीकृत आय-व्ययको विवरण

### गाउँ विकास समिति तर्फ (फिर्ता समेत) २०७३।४।१ देखि २०७४ आषाढ मसान्तसम्म

| क्र. सं. | आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | साविक जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | खर्च | मौज्दात/जि.वि.स.फिर्ता | जम्मा |
| (क) | साविक गाउँ विकास समितितर्फ (२०७३।४।१-११।२७) | | | | | | |
| १. | कुन्तादेवी गाउँ विकास समिति | ३५९१३३।- | ३०१०७००।- | ३३६९८३३।- | २८९६७६२।- | ४७३०७१।- | ३३६९८३३।- |
| २. | वरुणेश्वर गाउँ विकास समिति | ११ - | ५२४५३००।- | ५२४५३०११।- | ३८२५५३५।- | १४१९७६१।- | ५२४५३०११।- |
| ३. | प्राप्चा गाउँ विकास समिति | २५।०० | २७०४३००।- | २७०४३२५।- | २६२२२०८।- | ८२११७।- | २७०४३२५।- |
| ४. | हर्कपुर गाउँ विकास समिति | ७३४।- | ३८३६७००।- | ३८३७४३४।- | ३२००७३४।- | ६३६७००।- | ३८३७४३४।- |
| ५. | श्रीचौर गाउँ विकास समिति | - | ४०५५३००।- | ४०५५३००।- | ३०५७३९८।- | ९९७९०२।- | ४०५५३००।- |
| ६. | पाल्ते गाउँ विकास समिति | - | ३४६४२००।- | ३४६४२००।- | ३४६४२००।- | - | ३४६४२००।- |
| ७. | राँगादीप गाउँ विकास समिति | १६८८८।- | ३४८०५००।- | ३४९७३८८।- | ३००६८९४।- | ४९०४९४।- | ३४९७३८८।- |
| | जम्माः | ३७६७८१।- | २५७९७०००।- | २६१७३७८१।- | २२०७३७३१।- | ४१०००५०।- | २६१७३७८१।- |
| (ख) | गाउँपालिका तर्फ (२०७३।११।२८-०७४।३।३० सम्म) | | | | | | |
| | मोलुङ्ग गाउँपालिका | ४१०२२६६।- | ५५७९६९२५।- | ५९८९९१९१।- | ५४९९१५८९।- | ४९०७६०२।- | ५९८९९१९१।- |
| | कूल जम्माः | ४४७९०४७- | ८१५९३९२५।- | ८६०७२९७२।- | ७७०६५३२०।- | ९०७६५२।- | ८६०७२९७२।- |

Scanned by CamScanner

गौमुखी गाउँपालिकातर्फ (हाल कायम भएको)

(२०७३ फागुन २८ गते देखी २०७४ आषाढ मसान्त सम्म)

आय-व्यय विवरण

**आय**

| क्र.सं. | विवरण | रकम | रकम |
|---|---|---|---|
| १. | अल्या भएमा मात्र | ४१०२२६६।- | - |
| २. | जि.वि.स.अनुदान | - | ४५७९६९२५।- |
| (क) | चालु अनुदान | ११९९६६७।- | - |
| (ख) | पूँजीगत अनुदान | १३५३८३०५।- | - |
| (ग) | सामाजिक सुरक्षा भत्ता | २२४४७२००।- | - |
| (घ) | अन्य | ८६११७५३।- | - |
| ३. | गाउँपालिका अनुदान | - | १०००००००।- |
| (क) | चालु अनुदान | २००००००।- | - |
| (ख) | पूँजीगत अनुदान | ८००००००।- | - |
| (ग) | स्थानीय शासन | - | - |
| (घ) | बहुक्षेत्रीय पोषण | - | - |
| (ङ) | अन्य | - | - |
| ४. | आन्तरिक आय | - | - |
| | | | |
| | | | |
| | जम्मा | | ५९८९९१९१।- |

**व्यय**

| क्र.सं | विवरण | रकम | रकम |
|---|---|---|---|
| १. | गा.पा अनुदान खर्च | - | ४९७९१५८९।- |
| | | - | - |
| (क) | चालु खर्च | १६०२३८९।- | - |
| (ख) | पूँजीगत खर्च | १६६१९९७०।- | - |
| (ग) | सामाजिक सुरक्षा | २२३३९५९८।- | - |
| (घ) | अन्य | ९२२९६३२।- | - |
| २. | गाउँपालिका अनुदान खर्च | - | ५२०००००।- |
| (क) | चालु अनुदान | २००००००।- | - |
| (ख) | पूँजीगत अनुदान | ३२०००००।- | - |
| (ग) | स्थानीय शासन | - | - |
| (घ) | बहुक्षेत्रीय पोषण | - | - |
| (ङ) | अन्य | - | - |
| ३. | मौज्दात | - | ४९०७६०२।- |
| (क) | बैंक | ४९०७६०२।- | |
| (ख) | नगद | | |
| | जम्मा | | ५९८९९१९१।- |

उपरोक्त आर्थिक कारोवारको पेश भएसम्मको श्रेस्ताको लेखापरीक्षण मापदण्ड, निर्देशन, लेखापरीक्षण सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएको व्यहोराहरुका सम्वन्धमा कार्यकारी अधिकृत र लेखा प्रमुखसँग मिति २०७४।०७।३० मा छलफल भई कायम रहेको व्यहोरा देहाय अनुसार रहेको छन् ।



Scanned by CamScanner

## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

१) उक्त गाउँपालिकाको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा (वेरुजु) मध्ये निम्नानुसारको रकम लेखापरीक्षण क्रममा बैंक दाखिला भौचर पेश हुन आएकोले उक्त रकम वेरुजु कायम गरिएको छैन ।

| सि.नं. | गा.वि.स.र वडा नं. | भत्ताको किसिम | दाखिला मिति | दाखिला रकम | दाखिला निकाय |
|---|---|---|---|---|---|
| १ | वरुणेश्वर-२ | सामाजिक सुरक्षा भत्ता | २०७४।७।१४ | .८३२०० ।- | गाउँपालिका |
| २ | वरुणेश्वर-२ | " | २०७४।७।२६ | ४१६०० ।- | गाउँपालिका |
| ३ | राँगादीप-८ | " | २०७४।७।१४ | १२००० | राजश्व |
| ४ | वरुणेश्वर-२ | " | २०७४।७।२५ | .१६०० ।- | राजश्व |
| ५ | प्राप्चा - ५ | छुट कार | २०७४।७।१९ | .५५६० ।- | राजश्व |
| ६ | प्राप्चा-५ | " | २०७४।७।१९ | .३५५५ ।- | राजश्व |
| ७ | कुन्तादेवी-१ | सामाजिक सुरक्षा भत्ता | २०७४।७।२८ | ८०००० ।- | राजश्व |
| | जम्मा | | | २२७५१५ | |

१.१) उपरोक्तानुसारको दाखिला रकम मध्ये सामाजिक सुरक्षातर्फ वेरुजु कायम भएको वरुणेश्वर वडा नं. २ को २ थान भौचरबाट दाखिला रकम रु.१२४८०० ।- मोलुङ्ग गाउँपालिकाको खातामा जम्मा गरेको भौचर पेश भएको तर उक्त रकम वेरुजु खाता नं. १५११२मा दाखिला गर्नु पर्दछ ।

### २) कर, दस्तुर तथा शुल्क

नेपालको सविधान, २०७२ को धारा ५९ मा स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्वन्धी बिषयमा कानुन वनांउने, बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गनुपर्ने व्यवस्था गरेको छ । यो बर्ष यस गाउँपालिकाले बार्षिक बजेट तयार गरेको देखिएन । यस गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र लिन पाउने मालपोत, घरजग्गा कर, सवारीकर,हाटवजारकर, व्यवसाय कर र अन्य कुनै पनि कर दस्तुर शुल्क जरिवाना सिफारिश दस्तुर आदि बाट आम्दानी गर्न सकेको देखिएन ।

### ३) जिन्सी व्यवस्थापन

नेपाल सरकारको निर्णयवाट २०७३।११।२८ देखि गाउँपालिका गठन भइ साबिक गाउ बिकास समितिहरु गाउँपालिकामा समाबेस भएका छन । साविकका ती गा.बि.स हरुबाट घर जग्गा लगाएत चल अचल संम्पतीहरु हस्तान्तरण भइ गाउपालिकाको जिन्सी कितावमा अम्दानी जनाउनु पर्ने देखिन्छ । तर यस गाउपालिकाको साबिकका गाँउ बिकास समितिहरु समाबेस भै गाउँपालिकाको वडाहरुको रुपमा रहदै आएकोमा कुनै पनि गाउ विकास समितिको चल अचल सम्पतिको रेकर्ड अध्यावधिक गराएको देखिदैन । यसमा सम्वन्धित निकायले ध्यान दिनु पर्दछ ।

### ४) आन्तरिक लेखापरीक्षण

आर्थिक कार्यबिधि ऐन, २०६३ को दफा १६ अनुसार महालेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिम आन्तरिक लेखापरिक्षण गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ । आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगद बा जिन्सी चल अचल सामानको लगत छुट गरेको देखिएमा वा सो लगत कुनै कारण बाट गोलमाल भै नेपाल सरकार को हानी नोक्सानी भएको देखिएमा त्यसको सुचना प्राप्त हुनासाथ सम्वन्धित कार्यालय प्रमुख वा बिभागिय प्रमुखले त्यस्तो हानी नोक्सानी भएको रकम असुल गरी बिभागिय



Scanned by CamScanner

कार्यबाही गर्ने समेत व्यवस्था गरेको छ। त्यसैगरी स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०२ (१) मा प्रत्येक स्थानीय निकायको आय व्यय लगायत त्यस्तो निकायको मातहतका कार्यालयको लेखा अध्यावधिक गरि अन्तीम लेखापरिक्षण गराई आन्तरिक लेखापरीक्षण बाट निस्केका बेरुजु वा त्रुटि अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराइ, प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेशगरी वा असुल उपर गर्नुपेमा असुल उपर गरी त्यसको प्रमाण सम्वन्धित लेखासग संलग्न गरी लेखा अध्यावधिक बनाइ राख्न अधिकार प्राप्त अधिकारी लगायत प्रशासन शाखा प्रमुखको कर्तव्य हुने व्यवस्था छ। तर यस कार्यालयबाट आन्तरीक लेखा परीक्षण गराई सो.को प्रतिवेदन सहित अन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा सो अनुसार भएको देखिएन। यस्तो परिपाटीमा सुधार हुनु पर्दछ।

**५) कार्य सम्पादन प्रतिबेदन :-** आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ९१ अनुसार प्रत्येक कार्यलयले आर्थिक बर्ष सामप्त भएको तीन महिना भित्र नियममा व्यवस्था भए अनुसारको बिबरणहरु समाबेश हुने गरी बार्षिक कार्य सम्पादन प्रतिबेदन तयार गरी सम्वधित बिभाग मार्फत मान्त्रलयमा समेत पुऱ्याउनु पर्ने व्यवस्था गरेकोछ।तर यस गाउँपालिकाबाट यस्तो प्रतिबेदन तयार गरी पेश गरेको देखिन आएन। यसमा कार्यालय प्रमुख ले बिशेष ध्यान दिनु पर्दछ ।

**६) पेश्की फछ्र्योट :-** आर्थिक कार्यबिधि नियमावली, २०६४ को परिच्छद ९ को नियम ७४ (३) उपनियम (२) बमोजिम दिइएको पेश्की यस नियमावलीको कार्यविधिमा तोकिएको म्याद भित्र यसै नियमावली अनुसार फछ्र्योट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेछ। कार्यलयमा पेश्की रकमको बिल भर्पाइ सहितको बिबरण प्राप्त भएपछि एकाइस दिन भित्र कार्यलयले फछ्र्योट गरि सक्नु पर्ने व्यवस्था छ । गाउँपालिकाहरुले वडाहरुलाई दिएको पेश्कीको रितपूर्वकको बिल भर्पाइ सहितको खर्चको फाँटवारी गाउँपालिकामा प्राप्त हुन आएपछि सबै बिल भर्पाइ तथा खर्चका फाँटवार रितपूर्वक पेश भए नभएको परीक्षण गरी रितपुर्वक फछ्र्योट गर्न मिल्ने भए फछ्र्योट गरी बैंक नगदी किताव, पेश्की खातामा समेत जनाई आन्तरिक लेखापरीक्षण समेत गराई आन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा वडाहरुवाट जे जस्तो फाँटवारी पेश हुन आएको छ, सोही अनुसार पेश्की फछ्र्योट गरी लेखापरीक्षणको लागि लेखा श्रेष्ता पेश गर्ने गरेको देखियो। यस्तो परीपाटीमा सुधार गरिनु पर्दछ।

**७) सामाजिक सुरक्षा भत्ता पेश्की फछ्र्योट:-** दोस्रो र तेस्रो किस्ता सामाजिक सुरक्षा भत्ता वितरण गर्न मोलुङ गाउँपालिकाबाट निम्न वडा कार्यालयहरुमा गएको पेश्कीको फाँटवारी तथा नगद दाखिला भौचरको आधारमा पेश्की फछ्र्योट गरेको हुँदा सोको लेखापरीक्षण गरिएको छ।

| वडा कार्यालय | पेश्की रकम | फछ्र्योट फाँटवारी | नगद दाखिला | जम्मा |
|---|---|---|---|---|
| वडा नं. १ कुन्तादेवी | ३३४८४००।- | ३३४८४००।- | - | ३३४८४००।- |
| वडा नं. २ वरुणेश्वर | ४२३६८००।- | ४१५३६००।- | ८३२००।- | ४२३६८००।- |
| वडा नं. ३ र ४ हर्कपुर | ४९९६४००।- | ४९७६४००।- | २००००।- | ४९९६४००।- |
| वडा नं. ५ र ६ प्राप्चा र श्रीचौर | ५२९८४००।- | ५२८२४००।- | १६०००।- | ५२९८४००।- |
| वडा नं. ७ पात्ले | २१४०८००।- | २१४०८००।- | - | २१४०८००।- |
| वडा नं. ८ रांगादीप | २२७६८००।- | २२६४८००।- | १२०००।- | २२७६८००।- |
| जम्मा | २२२९७६००।- | २२१६६४००।- | १३१२००।- | २२२९७६००।- |

**७.१)** निम्न वडा कार्यालयहरुले सुनौला हजार दिन कार्यक्रमबाट पेश्की स्वरुप गएको रु.५७३०६९३ ।- को सक्कल विल भरपाई जिल्ला समन्वय समितिमा पेश गरेको देखिएकोले सो रकम पेश्की फछ्र्योटको श्रेस्ता लेखापरीक्षण गरिएको छैन ।



Scanned by CamScanner

| वडा कार्यालय | पेश्की रकम |
|---|---|
| ५ र ६ नं. वडा, प्राप्चा र श्रीचौर | २२५६४९२ ।- |
| ७ नं. वडा पात्ले | १३२१५४४।- |
| ८ नं. वडा राँगादीप | २१५२६५७।- |
| जम्मा | ५७३०६९३।- |

८) **कर छुट :-** वडा नं. ८ राँगादीपले आर्थिक वर्ष २०७२।०७३ को अन्तिम लेखापरीक्षण पारिश्रमिक वापत रु.१५,०००।- के एण्ड एशोसियट्सको नाममा ०७४।०३।३२ मा खर्च लेखेको छ । लेखापरीक्षण प्रतिवेदन पेश नभएको, रकम सम्बन्धित व्यक्तिले बुझेको नदेखिएको र भुक्तानीमा रु २२५०।- कर कट्टी गरेको समेत नदेखिएकोले उक्त रकम नियमित मान्ने आधार भएन ।

९) **बिल भरपाई बेगरको खर्च :-** भौ.नं. उल्लेख नभएको ०७४।०३।३१ मा राँगादीप ८ नं. वडा कार्यालयले खुल्ला दिशामुक्त घोषणा कार्यक्रमको निर्माण सामाग्री ढुवानी वापत रु.१५०००।- अनुगमन सहजीकरण क्रममा खाना, वास व्यवस्थाको लागि रु.१५०००।-, सामान खरिद रु.७८००।- र पाइप खरिद रु ७५००।- समेत रु ४५३००।- मध्ये जम्मा रु.४५०००।- मदन राईको नाममा खर्च लेखेको देखियो । उक्त खर्च मध्ये निर्माण सामाग्री ढुवानीको भरपाई र खाना र वास व्यवस्थापनको विल भरपाई संलग्न नदेखिएकोले रु.३००००।- खर्च नियमित देखिएन ।

१०)**बैंक मौज्दात :-** यस गाउँपालिका कार्यालयबाट वडा कार्यालयहरुमा पेश्की स्वरुप निकासा दिएको रकम मध्ये खर्च भई बाँकी रकम वडा कार्यालयको नाममा रहेको बैंक खातामा मौज्दात रहेको वडाबाट प्राप्त भएसम्मको बिरणको आधारमा रु २७५५९४।- गाउँपालिकाको मूल कोषमा फिर्ता गरी त्यसको रेकर्ड अध्यावधिक गर्नुपर्ने र गाउँपालिकाले मौज्दात हिसाव देखाउनु पर्दछ ।

| वडा कार्यालय | बैंक मौज्दात |
|---|---|
| वडा नं. २ वरुणेश्वर | ३००१ ।- |
| वडा नं. ५ प्राप्चा | २३७१७।- |
| वडा नं. ६ श्रीचौर | ३६३१।- |
| वडा नं. ८ राँगादीप | २४५२४५।- |
| **जम्मा** | **२७५५९४** |

**१०.१) मौज्दात :-** गाउँपालिकाको कार्यालयको लागि कार्यालय स्थापनाको क्रममा कार्यालय व्यवस्थापन गर्न, पुँजिगत शिर्षकमा रु.८००००००।-विनियोजन गरी निकासा समेत भएकोमा रु.३२०००००।-मात्र खर्च भई रु.४८०००००।- गाउँपालिकाको खातामा मौज्दात रहेको छ । सो रकम फिज गर्नु पर्ने, नपर्ने सम्वन्धमा कुनै नीति, निर्देशन लेखापरीक्षणमा प्राप्त हुन नआएको हुँदा यस सम्वन्धमा सम्बन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

**११) कर छुट :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार ठेक्का तथा करार भुक्तानीमा १.५% ले हुने रकम र लेखापरीक्षण शुल्क भुक्तानीमा १५% कर कट्टा गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकाका निम्न वडाहरुले देहाय अनुसारको भुक्तानीमा ऐनको व्यवस्था अनुसार अग्रिम कर कट्टा गरेको नदेखिएकोले रु.१००८७-असुल गरी राजश्व दाखिला गर्नु पर्दछ ।

१. यस गाउँपालिकाको ७ नं. वडा कार्यालय पात्लेले पात्लेखोला जलविद्युत आयोजनाको नाममा रु.२७५००० ।- खर्च लेखेकोमा नवदुर्गा ट्रेडर्स सप्लायर्स एण्ड ट्रेडर्सको विजक नं. २६२, मिति २०७४।०१।०३ को विलबाट रु.२६३३७५।- का सामान खरिद गरेको मा.१.५% कर कट्टी नगरेको रु.३९५०।-

२. यस गाउँपालिका २ नं. वडा कार्यालय वरुणेश्वरले लेखापरीक्षण शुल्क वापत कुवेर राउत एण्ड एशोसियट्स लाई रु.२००००।- खर्च लेखेकोमा भुक्तानीमा १५% कर कट्टी गर्नु पर्नेमा रु.३०००।- कर कट्टी



Scanned by CamScanner

गरेको देखिएन । त्यसैगरी प्रा.स. पारसमणि दाहाललाई रु.८८६८०।- भुक्तानी खर्च लेखेकोमा १% सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्ने नगरेको हुँदा रु.८८७- सो समेत ३८८७-

३. यस गाउँपालिकाा वडा नं. ७ पात्लेले आर्थिक वर्ष २०७२।०७३ को लेखापरीक्षण गरेवापत लेखापरीक्षण हरी बहादुर राजभण्डारीलाई रु.१५०००।- खर्च लेखेकोमा १५% कर कट्टी गरेको नदेखिएकोलेरु २२५०।- असुल हुनुपर्ने ।

**१२) पेश्की बाँकी:-** यस गाउँपालिकाले वडा नं ४ हर्कपुरमा गएको पेश्की गो.भौ.नं. १३ मिति २०७४।०७।१४ बाट रु.२५,०१,८०४।- मध्ये फाँटवारी अनुसार रु.२४,९२,५५०।- मात्र पेश्की फछ्यौंट गरेको प्रमाण पेश भएकोले नपुग रु.९२५४।- बैंक दाखिला गरी प्रमाण पेश गर्नु पर्दछ ।

| विवरण | पेश्की | फछ्यौंट | बाँकी |
|---|---|---|---|
| जि.वि.स.योजना तर्फ | १९२०००।- | १९००००।- | २०००।- |
| पूँजीगत तर्फ | २३०९८०४।- | २३०२५५०।- | ७२५४।- |

**१३) साविकको गाउँ विकास समितितर्फ (२०७३ श्रावण १ गते देखि फागुन २७ सम्म)**

१३.१) कुन्तादेवी गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | ३५९१३३।- | १.यो वर्षको खर्च | - | २८९६७६२।- |
| २. यो वर्षको आम्दानी | - | ३०१०७००।- | ✓ चालु | २५९९४२।- | - |
| ✓ चालु | २६२०००।- | - | ✓ पूजिगत | ७५०८८०।- | - |
| ✓ पूजिगत | १००४७००। | - | ✓ सामाजिक सुरक्षा | १७४४०००।- | - |
| ✓ सामाजिक सुरक्षा | १७४४०००। | - | ✓ अन्य | १४१९४०।- | - |
| ✓ आन्तरिक श्रोत | - | - | ✓ आन्तरिक श्रोत | - | - |
| ✓ अन्य | - | - | २. मौज्दात जि.वि.स.फिर्ता | ४७३०७१।- | ४७३०७१।- |
| जम्मा | | ३३६९८३३।- | जम्मा | | ३३६९८३३।- |

१. २०७४।०४।०८ बाट गा.वि.स. सचिव रामकाजी श्रेष्ठले मोटरसाईकल खरिद गरेको विल भपाई पेश गरी पेश्की फछ्यौंट गरेकोमा कर लाग्ने मूल्य रु.२१२३००।-मा १.५% ले लाग्ने अग्रिम आयकर रु.३१८५।- असूल गरी बैंक दाखिला हुनु पर्ने देखियो ।

२. **पेश्की :-** पेश्की बाँकीको विवरण अनुसार गतवर्ष सम्मको १५ जनाको नाममा रु.९५८३६५५।- पेश्की फछ्यौंट हुन बाँकी देखिन्छ भने चालु वर्षको देहाय अनुसार ४ जनाको नाममा रु.५३२६८०।- पेश्की फछ्यौंट गर्न बाँकी रहेको विवरण पेश भएको छ । उक्त पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार पेश्की फछ्यौंट गर्नु पर्दछ ।

| नाम | पेश्की रकम |
|---|---|
| दिप प्रसाद ढकाल | १०२०००।- |
| खड्ग बहादुर ढकाल | २००००।- |
| रामकाजी श्रेष्ठ | २६००००।- |
| दिपक फुयाल | १५०६८०।- |
| जम्मा | **५३२६८०** |



Scanned by CamScanner

१३.२)वरुणेश्वर गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | १।- | १.यो वर्षको खर्च | - | ३८२५५३५।- |
| २. यो वर्षको आम्दानी | - | ५२४५३००।- | ✓ चालु | १८०३३५।- | - |
| ✓ चालु | ३६२०००।- | - | ✓ पुजिगत | - | - |
| ✓ पूजिगत | १०४४१००।- | - | ✓ सामाजिक सुरक्षा | २२७१२००।- | - |
| ✓ सामाजिक सुरक्षा | २२७१२००।- | - | ✓ आन्तरिक श्रोत | ७००००।- | - |
| ✓ आन्तरिक श्रोत | २२००००।- | - | ✓ अन्य (युनिसेफ) | १३०४०००।- | - |
| ✓ अन्य (युनिसेफ) | १३४८०००।- | - | २. मौज्दात गा.पा. फिर्ता | | १४१९७६६।- |
| जम्मा | | ५२४५३०१।- | जम्मा | | ५२४५३०१।- |

**पेश्की बाँकी :-** गाउँ विकास समितिबाट प्राप्त पेश्की बाँकीको विवरण अनुसार गत वर्षसम्मको १० जनाको नाममा रु.१६२५९७।- पेश्की फछ्र्यौट हुन बाँकी देखिएको छ। उक्त पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ को व्यवस्था अनुसार पेश्की फछ्र्यौट गर्नु पर्दछ।

१३.३)प्राप्चा गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | २४।७२ | १. यो वर्षको खर्च | - | २६२२२०८।- |
| २. यो वर्षको आम्दानी | - | २७०४३००।- | ✓ चालु | ३५९९०८।- | - |
| ✓ चालु | ३६२०००।- | - | ✓ पुजिगत | १००४७००।- | - |
| ✓ पूजिगत | १००४७००।- | - | ✓ सामाजिक सुरक्षा | १२५७६००।- | - |
| ✓ सामाजिक सुरक्षा | १२५७६००।- | - | ✓ आन्तरिक श्रोत | - | - |
| ✓ आन्तरिक श्रोत | - | - | ✓ अन्य (युनिसेफ) | - | - |
| ✓ अन्य | ८००००।- | - | २. मौज्दात गा.पा. फिर्ता | - | ८२११६।७२ |
| जम्मा | | २७०४३२४।७२ | जम्मा | | २७०४३२४।७२ |

१. निम्न कार्यक्रमको रु ६५००००।-रकम खर्च लेखेकोमा लक्षित वर्गको खातामा रकम जम्मा गरेको तथा उक्त समितिलाई बुझाएको अन्य प्रमाण समेत देखिएन।

| भौ.नं | मिति | कार्यक्रम | खर्च रकम |
|---|---|---|---|
| ५ | २०७३।१०।२८ | महिला भवन निर्माण लक्षित समूहको | २५००००।- |
| ६ | २०७३।१०।२५ | दलित, जनजाती भवन निर्माण | ४०००००।- |

२. गत वर्षसम्मको खड्ग माया भुजेलको नाममा रहेको पेश्की रु.५०००० ।- फछ्र्यौट गर्नु पर्दछ।

१३.४) हर्कपुर गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | ७३४।- | १. यो वर्षको खर्च | - | ३२०२३५०।- |
| २. यो वर्षको आम्दानी | - | ३८३६७००।- | ✓ चालु | ३३१३५०।- | - |
| ✓ चालु | ३६२०००।- | - | ✓ पूजिगत | ७०७०००।- | - |
| ✓ पूजिगत | १००४७००। | - | ✓ सामाजिक | २१६४०००।- | - |



Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सुरक्षा | | |
| ✓ सामाजिक सुरक्षा | १९६४०००।- | - | ✓ आन्तरिक श्रोत | - | - |
| ✓ आन्तरिक श्रोत | - | - | ✓ अन्य (युनिसेफ) | - | - |
| ✓ अन्य | ३०६०००।- | - | २. मौज्दात गा.पा. फिर्ता | - | ६३५०८४।- |
| जम्मा | | ३८३७४३४।- | जम्मा | | ३८३७४३४।- |

१. निम्न भौचर तथा मितिबाट भुक्तानी दिदा कर कट्टी गरेको रकम बैंक दाखिला प्रमाण पेश नभएको ।

| भौ.नं | मिति | कार्यक्रम | कर कट्टी |
|---|---|---|---|
| ३ | २०७३।०६।१६ | घर बहाल | ७५०।- |
| ४ | २९७३।०६।१६ | तलब वितरण सा.सु. कर | २८०।- |

२. पेश्की बाँकी :- गत वर्षसम्मको पेश्की रु.६८७०००।- ९ जनाको नाममा फछ्र्यौट हुन बाँकी देखिएको हुँदा उक्त पेश्की शिघ्र फछ्र्यौट गर्नु पर्दछ । साथै खहरेखोला तल्लो छाँगा खानेपानी योजनाको लागि २०७३।११।२७ मा नारायण प्रसाद खतिवडाले लिएको पेश्की रु.१५००००।- फछ्र्यौट गरेको नदेखिएकोले उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नु पर्दछ ।

१३.५।श्रीचौर गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | - | १. यो वर्षको खर्च | - | ३०५७३९८।- |
| २. यो वर्षको आम्दानी | - | ४०५५३००।- | ✓ चालु | ३५८७९८।- | - |
| ✓ चालु | ३६२०००।- | - | ✓ पूजिगत | १००००।- | - |
| ✓ पूजिगत | १००४७००।- | - | ✓ सामाजिक सुरक्षा | १७१७६००।- | - |
| ✓ सामाजिक सुरक्षा | १७१७६००।- | - | ✓ आन्तरिक श्रोत | - | - |
| ✓ आन्तरिक श्रोत | - | - | ✓ अन्य (युनिसेफ) | ९७१०००।- | - |
| ✓ अन्य | ९७१०००।- | - | २. मौज्दात गा.पा. फिर्ता | | ९९७९०२।- |
| जम्मा | | ४०५५३००।- | जम्मा | | ४०५५३००।- |

**पेश्की बाँकी :** पेसल आचार्यको नाममा गत विगत वर्षको रु.२००,०००।- पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले उक्त पेश्की शिघ्र फछ्र्यौट गर्ने गराउने तर्फ कार्यालयले उचित कार्वाही गर्नु पर्दछ ।

१३.६।पाल्ले गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | - | १. यो वर्षको खर्च | - | ३४६४२००।- |
| २. यो वर्षको आम्दानी | - | ३४६४२००।- | ✓ चालु | ३६२०००।- | - |
| ✓ चालु | ३६२०००।- | - | ✓ पूजिगत | १२०३०००।- | - |
| ✓ पूजिगत | १२०३०००।- | - | ✓ सामाजिक सुरक्षा | १८९९२००।- | - |
| ✓ सामाजिक सुरक्षा | १८९९२००। | - | ✓ आन्तरिक श्रोत | - | - |
| ✓ आन्तरिक श्रोत | - | - | ✓ अन्य (युनिसेफ) | - | - |
| ✓ अन्य | | - | २. मौज्दात गा.पा. फिर्ता | - | - |



Scanned by CamScanner

| जम्मा | | ३४६४२००।- | जम्मा | | ३४६४२००।- |
|---|---|---|---|---|---|

१) **कर छुट :** भौचर नं. १९, मिति २०७३।१०।३० मा यस गाउँ विकास समितिबाट घरभाडा बापत रु.१०००० ।- खर्च लेखेकोमा १०% कर कट्टा गरेको नदेखिएको हुँदा रु.१००० ।- कर रकम असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्दछ ।

१३.७)राँगादीप गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | १६८८८ ।- | १. यो वर्षको खर्च | - | ३००६८९४।- |
| २. यो वर्षको आम्दानी | - | ३४८०५००।- | ✓ चालु | ३७८०००।- | - |
| ✓ चालु | ३६२०००।- | - | ✓ पूजिगत | ५१५०००।- | - |
| ✓ पूजिगत | १००४७००। | - | ✓ सामाजिक सुरक्षा | ११४०८००।- | - |
| ✓ सामाजिक सुरक्षा | ११४०८००। | - | ✓ आन्तरिक श्रोत | - | - |
| ✓ आन्तरिक श्रोत | - | - | ✓ अन्य (युनिसेफ) | ९७३०९४।- | - |
| ✓ अन्य | ९७३०००।- | - | २. मौज्दात गा.पा. फिर्ता | - | ४९०४९४।- |
| जम्मा | | ३४९७३८८।- | जम्मा | | ३४९७३८८।- |

१) **पेश्की बाँकी :** गाउँ विकास समितिबाट प्राप्त पेश्की बाँकीको विवरण अनुसार गत विगत वर्षको फछ्र्यौट हुन बाँकी पेश्की रु.१८१४६०।-हालसम्म फछ्र्यौट गरेको देखिएन ।

| क.स. | नाम | पेश्की रकम |
|---|---|---|
| १ | कृष्ण कुमार राई | ८०००।- |
| २ | केशर बहादुर गुरुङ्ग | १५७४६०।- |
| ३ | फुरङिमा शेर्पा | १६००० ।- |
| | जम्मा | १,८१,४६० ।- |

Scanned by CamScanner

## स्रोत उपयोग र उपलब्धिको विवरण

(हाल कायम भएको गाउँपालिकामा प्रयोग गर्ने)

| [illegible] | स्रोत | मुख्य उपलब्धिहरु |
|---|---|---|
| [illegible] | [illegible]आम्दानी : छैन<br>[illegible]ख्या :स्थायी जना २ र जनप्रतिनिधिहरु<br><br>[illegible] पूर्वाधार :<br>✓ भवन संख्या : नभएको/ १ भाडामा लिएको<br>✓ सवारी साधन संख्या : नभएकोमा | बजेट खर्च :<br>स्थानीय तहको आम्दानी : छैन<br>धरौटी आम्दानी कारोवार : नभएको<br>कार्यक्रम उपलब्धिहरु :<br>✓ पञ्जिकरण कार्य, सिफारिस, नगर स्वास्थ्य : संख्या नखुल्ने । |

### बेरुजु वर्गीकरण

| क्र.सं. | बेरुजु वर्गीकरण | दफा नं. | रकम |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | ८,११,१३.१,१३,४,१३.६ | १७५६१ |
| २ | ✓ नियमित गर्नुपर्ने | | |
| | ✓ अनियमित भएको | ९ | ३०००० |
| | ✓ प्रमाण कागजात पेश | १.१,१०,१२,१३.३ | १०५९६४८ |
| | ✓ जिम्मेवारी नसारेको | | |
| | ✓ शोधभर्ना नलिएको | | |
| ३ | पेश्की : | | |
| | ✓ कर्मचारी | | |
| | ✓ मोबिललाईजेसन | | |
| | ✓ प्रतिपत्र | | |
| | ✓ संस्थागत | १३.१,१३.२,१३.३,१३.४,१३.५,१३.७ | १९६३७३७ |
| ४ | सैद्धान्तिक | १ देखि ७ सम्म,७.१ र १०.१ | |
| | जम्मा | | ३०,७०,९४६/- |



Scanned by CamScanner